# पत्रकारितामा दलितको न्यून सहभागिता

शेखर पराजुली र भास्कर गौतम

निःसन्देह वि.सं.२०४६ को जन आन्दोलनपछि फस्टाएको एक प्रमुख क्षेत्र हो पत्रकारिता । ठीक त्यही समयदेखि विभिन्न प्रवृति र प्रयासबाट जातीय जागरण र संगठनका लहरहरु पनि उठिरहेका छन् । यसरीसँगै बढिरहेको पत्रकारिताको विकास र जातीय⁄वर्गीय आन्दोलनको आपसी समन्वय कस्तो छ? पत्रकारिता लगायत समाजका हरेक क्षेत्रमा सबै जाति र धर्मका मानिसहरुको सन्तुलित प्रतिनिधित्व हुनुपर्दछ भन्ने बहसमा देखापरेको आवाजलाई नेपालका प्रकाशन संस्थाले कसरी लिएका छन्? यिनै प्रश्नहरुको जवाफ खोज्ने प्रयास स्वरुप सामाजिक विकास तथा अनुसन्धान केन्द्रले २०५७ सालमा प्रकाशन संघ संस्थाको एक सर्वेक्षण गऱ्यो ।

विशेष गरी प्रकाशन संस्थाहरुमा दलित र जनजातिको संख्यागत लगत लिनु यस सर्वेक्षणको उद्देश्य थियो । मुल प्रवाह र सहायक प्रकाशन गृहहरुमा दलित प्रतिनिधित्व कसरी भएको छ वा छैन? छ भने कति र छैन भने किन? साथै कर्मचारी नियुक्ति प्रकृया⁄नीतिमा दलितलाई यी प्रकाशन संस्थाहरुमा प्राथमिकता दिने गरिएको छ वा छैन? यिनै जिज्ञासाहरुको उत्तर सर्वेक्षणमा खोजिएको थियो ।

संख्यागत रुपमा प्रकाशन संस्थासँग सम्बद्ध दलितको आँकडा आवश्यक थियो । त्यसैले काठमाडौं लगायत स-साना प्रयासबाट पत्रकारिताको अभ्यास भइरहेको पश्चिममा महेन्द्रनगर, धनगढी देखि पूर्वमा बिर्तामोड, भद्रपुर सम्मका प्रमुख २३ शहरहरुलाई अनुसन्धानको क्षेत्र बनाइयो । श्रोत, साधन र समयको सीमितताले गर्दा यस सर्वेक्षणले अधिराज्यका सबै प्रकाशनलाई समेट्न सकेको छैन । अर्को तर्फ प्रकाशनहरुले आफ्नो गोपनीयता भंग हुने कारण दर्शाइ जानकारी दिन राजी नभएका अवस्थाहरु पनि छन् । त्यसैले यस सर्वेक्षणको आफ्नो सीमितता स्वीकार्य छ ।

नतिजाको विश्लेषणलाई सरल पार्न सिङ्गो प्रकाशन समूहलाई सम्पादक समूह, स्तम्भकार समूह र प्रकाशकीय समूह गरी तीन भागमा बाँडेर हेर्न सकिन्छ । यी तीन समूहलाई काठमाडौं बाहिर र भित्रको प्राप्त नतिजालाई क्रमैसँग विश्लेषण गरेर हेरौं ।

(क) सम्पादक समूह

सम्पादक समूह भनेर यहाँ सम्वाददाता, सम्पादक मण्डल र लेआउट तर्फका मानिसहरुको समूहलाई लिइएको हो । उपत्यका बाहिर सर्वेक्षण गरिएको ७३ प्रकाशनमा ९५६ जना व्यक्ति यस समूहभित्र पर्दछन् । तीमध्ये दलित सहभागिताको आंकडा मात्र १७ (१.७८%) जनाको छ । जुन आफैंमा निराशाजनक लगत हो । अनि ५१ जना (५.३३%) महिलाको उपस्थितिमा दलित महिलाको संख्या सिर्फ एक छ ।

उपत्यका भित्र कूल ४१ वटा पत्रिकाको सर्वेक्षण गरिएको थियो । यहाँ सम्पादक समूह भित्र जम्मा ६९३ जना व्यक्तिको सहभागिता रहेको देखिन्छ । ती मध्ये ११ (१.५८%) जना दलित सहभागी छन् । *जन उत्थान* भन्ने दलित प्रधान पत्रिकालाई अलग्याउने हो भने यो सहभागी संख्या ३ हुन आउँछ । मधेशी दलितको त कहीं कतै नामोनिशान भेटिदैन ।

*३— छापामा दलित*

महिलाको सन्दर्भमा ३१ जनाको संलग्नता देखिन्छ सम्पादक समूहमा । तर यी ३१ जना मध्ये दलित महिलाको संख्यामा *जन उत्थानकी* कमला विश्वकर्मा एक मात्र दलित महिला हुन् ।

दलित सम्पादकको हकमा दलित संगठनले प्रकाशन गर्ने *जन उत्थान* मासिकमा मात्र दलित सम्पादक भएको पाइयो । यस बाहेक अन्य प्रकाशनमा दलित सम्पादक रहेको पाइएन ।

(ख) स्तम्भकार समूह

प्रकाशनसँग नियमित स्तम्भकारको रुपमा आवद्ध व्यक्तिहरुलाई स्तम्भकार समूहमा राखियो । उपत्यका बाहिर सर्वेक्षण गरिएको ७३ वटा पत्रिकामा २९८ जना स्तम्भकारको संलग्नता देखिन्छ । तर दलित स्तम्भकारका उपस्थिति भने छैन ।

उपत्यका भित्रका ४१ प्रकाशनमा २४८ जना स्तम्भकारको संलग्नता रहेको देखिन्छ । ती मध्ये दलित स्तम्भकारको संख्या मात्र ६ (२.४००) रहेकोछ । तर *जन उत्थान* मासिकलाई पन्छाएर हेर्ने हो भने दलित स्तम्भकारको संख्या मात्र एक हुन आउँछ । उहाँ *नेपाल मिरर* मासिकका स्तम्भकार पद्मलाल विश्वकर्मा हुनुहुन्छ । १५ जना (६.०५००) महिला स्तम्भकार मध्ये दलित महिलाको संख्या शुन्य छ ।

(ग) प्रकाशकीय समूह

प्रकाशकीय समूह भनेर वितरण प्रमुख, बजार प्रमुख, निर्देशक, प्रबन्ध निर्देशक र अध्यक्ष गरी जम्मा ५ पदमा कार्यरत व्यक्तिहरुलाई समेटिएको छ । व्यवस्थापनका अन्य क्षेत्र र शाखामा संलग्न व्यक्तिहरुलाई यसले समेटेको छैन ।

उपत्यका बाहिरका अधिकांश प्रकाशन गृहहरु व्यक्तिगत प्रयासमा सञ्चालित छन् । प्रकाशकहरु संस्थागत अवधारणा र अप्ठेरा देखि चिन्तित अनि ग्रसित पनि छन् । यही कारण संस्थागत स्वरुप अँगाल्न असक्षम यी प्रकाशन गृहहरुमा प्रकाशक स्वयंले सम्पूर्ण जिम्मेवारी बहन गर्दै वितरक, व्यवस्थापक र निर्देशकका रुपमा कार्यरत रहेको पाइन्छ । यो समूहको प्राप्त नतिजाले के देखाउँछ भने ७३ वटा प्रकाशन गृहका प्रकाशकीय समूहमा मात्रै एक जना दलितको सहभागिता छ । उहाँ हुनुहुन्छ *लुम्बिनी दैनिक* पत्रिकाको प्रबन्ध निर्देशकको पदमा कार्यरत एम.वि. विश्वकर्मा ।

उपत्यका भित्रका पनि धेरै जसो प्रकाशन गृहहरु व्यक्तिगत प्रयासमा सञ्चालित छन् । अधिकांश पत्रिकामा स्वयं प्रकाशकले नै वितरक, बजार प्रमुख, व्यवस्थापक र निर्देशकको काम भ्याएको देखिन्छ । संस्थागत स्वरुप धारण गरिनसकेको यी अधिकांश प्रकाशन गृहमा अध्यक्षात्मक प्रणाली नै छैन । सर्वेक्षण गरिएका जम्मा ४१ वटा प्रकाशन गृहमा *जन उत्थान* मासिकमा कार्यरत दुई जना दलितको यस प्रकाशकीय समूहमा सहभागिता देखिन्छ । अन्य कुनै प्रकाशनमा यस समूह अन्तर्गत दलितको संलग्नता भएको छैन । यस समूहमा चार महिलाको सहभागिता देखिन्छ । तर दलित महिलाको प्रतिनिधित्व शून्य छ ।

यी बाहेक पत्रकारितासँग सम्बन्धित केही संघ संस्था र पत्रकार प्रशिक्षण गर्ने केही इन्स्टिच्युटमा पनि दलितहरुको सहभागिता खोज्ने काम यो सर्वेक्षणमा गरियो । यी संस्थाहरुलाई छान्ने क्रममा पत्रकारहरुले आफै गठन गरेको नेपाल पत्रकार महासंघ र श्री ५ को सरकारद्वारा गठित प्रेस काउन्सीललाई रोजियो । त्यसरी नै नेपाल वातावरण पत्रकार समूह र सञ्चारिका समूहलाई गैर सरकारी संस्थाका तर्फबाट हामीले रोज्यौं । अनि पत्रकारितामा प्रशिक्षण दिने संस्थाहरुमध्ये नेपाल प्रेस इन्स्टिच्युट, त्रिभुवन विश्वविद्यालय अन्तर्गतको रत्न राज्य क्याम्पस र मिडिया प्वाइन्टलाई हामीले छान्यौं । तर यी सबै संस्थाहरुमा पनि दलितको सहभागिता देखिदैन । विशेष गरेर संस्था हाक्ने व्यक्ति वा श्रोत व्यक्तिका रुपमा भने

दलितको उपस्थिति शून्य छ ।

प्रकाशन गृहहरु र यी गृहहरुसँग प्रत्यक्ष वा परोक्ष सरोकार राख्ने संस्थाहरुको तथ्याङ्कबाट के स्पष्ट छ भने नेपाली पत्रकारितामा दलित सहभागिताको संख्या नगण्य प्राय छ । अर्थात दलित प्रकाशन बाहेकका १०४ प्रकाशन संस्थामा मात्र २७ जना दलितको संलग्नता रहेको छ । यो संख्या यी संस्थाहरुमा संलग्न २५५७ जनामा मात्र १.१९ प्रतिशत हो । अनि माथि चर्चा गरिएका प्रकाशन गृह बाहेकका संस्थाहरुमा भने दलित सहभागिता संख्या शून्य छ ।

निष्कर्ष

समग्रमा के भन्न सकिन्छ भने प्रकाशन गृहका कर्मचारी नियुक्ति प्रक्रियाको प्राथमिकतामा दलितहरु पर्दैनन् । उपत्यका बाहिरका एक-दुई प्रकाशन गृहमा प्राथमिकतामा परेको देखिन्छ । अनि संस्थाको आर्थिक कठीनाइले कार्यान्वयनमा दलित सहभागिता नदेखिएको तर्कलाई क्षणभर स्वीकारे पनि संस्थागत रुपमा सक्षम अन्य संस्थाहरुलाई हेर्दा संस्थाको आर्थिक समस्या नै मात्र यसको कारण हो भनेर भन्न गाह्रो छ । तर पनि उपत्यका बाहिरको चर्चा गर्दा यी संस्थाभित्र दलितको प्रतिनिधित्व हुन पत्रकारिता नै व्यवसायिक रुपमा सवल हुनुपर्ने देखिन्छ । अर्थात् संस्थागत सक्षमता र दलित संलग्नताका विषयलाई सँगै लिएर जानुपर्ने देखिन्छ ।

काठमाडौं भित्रका प्रकाशन गृहहरुमा यस विषयलाई समस्याका रुपमा कसैले लिएका छैनन् । त्यसैले यो सवाल सम्बन्धी भावी योजनाको प्रश्न पनि यहाँ उठाउन जरुरी देखिन्छ । "तर स्वयं दलित संघ–सस्था भित्र पनि यो समस्या सुल्फाउँने स्पष्ट दृष्टिकोण र भावी योजना भने छैन," दलित सेवा संघका महासचिव चक्रमान विश्वकर्मा भन्नुहुन्छ । र जबसम्म उच्च वर्ग भनाउँदाहरुको सोच्ने प्रकृयामा परिवर्तन आउँदैन, नीति निर्माण लगायतका अन्य सबै ठाउँमा उच्चवर्गको बाहुल्य रहेकोले दलितहरुको प्रयासले मात्र केही हुँदैन भन्ने राय *जन उत्थान* मासिकका सम्पादक डि.बी. सागरको छ । अर्कोतर्फ जुन संस्थाहरु मार्फत पत्रकारिताको विभिन्न अभ्यासका साथै पत्रकारहरुको उत्पादन हुन्छ ती संस्थाहरुमा पनि दलित संलग्नताले प्राथमिकता पाएको छैन । "दलितहरुलाई छात्रवृति प्रदान गरेर हाम्रो तालिममा सहभागि गराउनु आवश्यक छ, तर हामीले प्रायोजक पाइरहेका छैनौं," नेपाल प्रेस इन्स्टिच्युटका अध्यक्ष गोकुल पोखरेल भन्नु हुन्छ ।

आजको पत्रकारिता तर्फको लगानीमा दलित सवाल गौण भएकोले आगामी केही वर्षहरुमा पनि नेपाली पत्रकारितामा दलितहरुको उपस्थिति न्यून हुने नै देखिन्छ । छुवाछूत र जातीय अधिकारका विषयमा वकालत गर्ने अनि २०४६ सालपछि पत्रकारिताको क्षेत्रमा प्रगति भएको छ भनेर गर्व गर्ने संस्था र व्यक्तिहरुले यस विषयमा गम्भीर भएर सोच्नु जरुरी देखिन्छ ।

(विकास, वर्ष १० अंक २०, भदौ २०५८)